# रतुवामाई नगरपालिका

## नगर कार्यपालिकाको कार्यालय

सिजुवा, मोरङ

१ नं. प्रदेश, नेपाल

पत्र संख्या : ०७९/०८०
चलानी नं.: १३०१

सम्पर्क नम्बर – ०२१-४४१४०५२
इमेल- ratuwamaimunicipalityinfo@gmail.com
वेभसाइट- www.ratuwamaimun.gov.np

रतुवामाई नगरपालिका नगर कार्यपालिकाको कार्यालय सिजुवा, मोरङ १ नं. प्रदेश नेपाल

मिति : ०५ फागुन २०७९

श्री सहकारी संघ/ संस्थाहरु सबै,
रतुवामाई नगरपालिका, मोरङ।

**विषय : तेस्रो राष्ट्रिय सहकारी महासम्मेलनमा सहभागिता सम्बन्धमा।**

प्रस्तुत विषयमा राष्ट्रिय सहकारी महासंघ लि. नेपालको मिति २०७९ फागुन ३ को चलानी नम्बर ४०२ को प्राप्त पत्रानुसार " **सहकारीको दिगोपनाका लागि स्वनियमन तथा सुसासन**" भन्ने थिमका साथ यहि मिति २०७९ चैत्र २३ गते सम्म याक एण्ड यति होटल, काठमाण्डौंमा "**तेस्रो राष्ट्रिय महासम्मेलन**" हुने भएको हुँदा उक्त सम्मेलनमा सहभागि हुन इच्छूक सहकारी संघ/ संस्थाहरुले अनलाइन रजिष्ट्रेसन गर्न जानकारीको लागि अनुरोध छ।

.............................................
हरिहर घिमिरे
प्रमुख प्रशासकिय अधिकृत

हरिहर घिमिरे
प्रमुख प्रशासकीय अधिकृत

**नोट :** राष्ट्रिय सहकारी महासंघको पत्र समेत यसै साथ संलग्न राखीएको छ।

**बोधार्थ :**
सूचना प्रविधि शाखा रतुवामाई नगरपालिका। ( वेभसाइटमा प्रविष्ट गरिदिनुहुन )

NCF NATIONAL COOPERATIVE FEDERATION OF NEPAL LTD.
राष्ट्रिय सहकारी महासंघ लि. नेपाल

स.वि.द.नं.: ३१० ०६९/७०

COOP

च.नं. ४०२।०७९।०८०

मिति: २०७९/११/३

श्रीमान् प्रमुखज्यू,
सम्पूर्ण नगरपालिकाहरू

श्रीमान् अध्यक्षज्यू,
सम्पूर्ण गाउँपालिकाहरू

**विषयः तेश्रो राष्ट्रिय सहकारी महासम्मेलन बारे ।**

उक्त सम्बन्धमा मुलुकको करिव एक चौथाई जनसंख्या आवद्ध भएको सहकारी क्षेत्रले दुरदराजका आमसमुदायको वित्तीय पहुँच अभिवृद्धि, उद्यमशिलताको विकासमार्फत स्वरोजगार सिर्जना, गरिवी न्यूनीकरण, सामाजिक पूँजी निर्माण, क्षमता अभिवृद्धि तथा नेतृत्व विकासमा उल्लेख्य योगदान पुऱ्याउँदै आएको छ। यसै अनुरूप संविधानले समेत सार्वजनिक तथा निजी सहित सहकारी क्षेत्रलाई अर्थतन्त्रको एक खम्बाको रूपमा स्वीकार गरेको छ।

सोहि सन्दर्भमा नेपालको सहकारी अभियानको उपलब्धीलाई संस्थागत गर्दै भावी कार्यदिशा निर्दिष्ट गर्न प्रत्येक ५/५ वर्षमा महासंघ र सरकारको संयुक्त आयोजनामा महासम्मेलन गर्दै आएको व्यहोरा जानकारी गराउँदै आगामी २०७९ चैत्र २३ गतेदेखि २५ गतेसम्म याक एण्ड यति होटल, काठमाडौंमा **"सहकारीको दिगोपनाका लागि स्वनियमन तथा सुशासन"** भन्ने थिमका साथ **"तेश्रो राष्ट्रिय सहकारी महासम्मेलन"**को आयोजना गर्न लागिएको व्यहोरा जानकारीको लागि अनुरोध छ।

यसर्थ, सरोकारवाला निकायका प्रतिनिधिहरू विच सहकारी क्षेत्रका समस्या, चुनौती तथा अवसरहरूका वारेमा वृहत छलफल गरी सहकारी अभियानको आगामी मार्गचित्र तय गर्ने उक्त तेश्रो राष्ट्रिय सहकारी महासम्मेलनमा त्यस पालिकाबाट सहभागिता गराईदिनु हुनका साथै त्यस पालिकाका सम्पूर्ण सहकारी संस्थाहरूमा यसै साथ संलग्न चिठी समेत पठाई महासम्मेलनलाई सफलतापूर्वक सम्पन्न गर्न आवश्यक सहयोग गरिदिनहुन हार्दिक अनुरोध छ।

सदा झैं सहयोगको अपेक्षा सहित सहकारी अभिवादन !

.............................
चित्रा कुमारी थाम्सुहाङ्ग सुब्बा
महाप्रवन्धक

Pulchok, Lalitpur, Nepal
G.P.O. Box: 11859, Kathmandu
+977-1-5010116, 5010033, 5010089
ncf@wlink.com.np, ncfcoop@gmail.com
www.ncfnepal.com.np

म.बि.द.नं. ३१०-०६९/०७०

# NCF NATIONAL COOPERATIVE FEDERATION OF NEPAL LTD.
# राष्ट्रिय सहकारी महासंघ लि. नेपाल

सहकारी महासंघ लि. २०५०

च.नं. ३८४/०६९/०८०

मिति: २०७९/१०/१९

सम्पूर्ण सहकारी संघ/संस्थाहरू

**विषयः तेश्रो राष्ट्रिय सहकारी महासम्मेलनमा सहभागिता सम्वन्धमा।**

उक्त सम्वन्धमा मुलुकको करिव एक चौथाई जनसख्या आवद्ध भएको सहकारी क्षेत्रले दुरदराजका आमसमुदायको वित्तिय पहुँच अभिवृद्धि, उद्यमशिलताको विकासमार्फत स्वरोजगार सिर्जना, गरिवी न्यूनीकरण, सामाजिक पूँजी निर्माण, क्षमता अभिवृद्धि तथा नेतृत्व विकासमा उल्लेख्य योगदान पुऱ्याउदै आएको छ। यसै अनुरूप संविधानले समेत सार्वजनिक तथा निजी सहित सहकारी क्षेत्रलाई अर्थतन्त्रको एक खम्बाको रूपमा स्वीकार गरेको छ। यस अभियानले हासिल गरेका उपलव्धीहरूलाई संस्थागत गर्दै भावी कार्यदिशा निर्दिष्ट गर्न यस महासंघ र भूमि व्यवस्था, सहकारी तथा गरिवी निवारण मन्त्रालयको संयुक्त आयोजनामा प्रत्येक ५/५ वर्षमा राष्ट्रिय सहकारी महासम्मेलन गर्दै आएको व्यहोरा विदितै छ। यसै अनुरूप यस महासंघ र भूमि व्यवस्था, सहकारी तथा गरिवी निवारण मन्त्रालयको संयुक्त आयोजनामा वि.सं २०७१ सालमा प्रथम राष्ट्रिय सहकारी महासम्मलेन र २०७४ सालमा दोश्रो राष्ट्रिय सहकारी महासम्मेलन ऐतिहासिक रूपमा सफलतापूर्वक सम्पन्न भएको व्यहोरा समेत स्मरण गराउन चाहान्छौं।

यसर्थ, कोभिड १९ महामारी र रूस युक्रेनविचको युद्धका कारण आपूर्ति श्रृखलामा अवरोध सिर्जना हुनाले विश्व अर्थतन्त्रका साथै नेपालको समग्र अर्थतन्त्रमा संकुचन आई सो को असर सहकारी क्षेत्रमा समेत परेको सन्दर्भमा यस अभियानलाई दिगो एवं मर्यादित वनाउन राष्ट्रिय तथा अन्तर्राष्ट्रिय श्रोत व्यक्तिहरूबाट कार्यपत्र प्रस्तुती तथा वृहत छलफलमार्फत अभियानको भावी कार्यदिशा निर्दिष्ट गर्न **"सहकारीको विगोपनाका लागि स्वनियमन तथा सुसासन"** भन्ने थिमका साथ आगामी २०७९ चैत्र २३ गतेदेखि २५ गतेसम्म याक एण्ड यति होटल, काठमाडौंमा **"तेश्रो राष्ट्रिय सहकारी महासम्मेलन"** को आयोजना गर्न लागिएको व्यहोरा सहर्ष जानकारी गराउन चाहान्छौं।

यसर्थ उक्त ऐतिहासिक कार्यक्रममा सहभागिताका लागि खल्तीमार्फत अनलाइन रजिष्ट्रेशन हुने व्यवस्था गरिएकोले खल्ती एप मार्फत रजिष्ट्रेशन गर्न गराउन हुन विशेष अनुरोध गर्दछौं। साथै कार्यक्रममा सहभागिताका लागि प्रति सहभागी शुल्क फाल्गुण मसान्तसम्म रू. १५,०००/र त्यसपछि रू. १७,०००/ रहेको व्यहोरा समेत जानकारी गराउदै समयमै सिट सुरक्षित गर्न हुन अनुरोध छ।

साथै, महासंघको वेवसाइड **www.ncfnepal.com.np** तथा सामाजिक सञ्जाल **facbook.com/ncf.nepal.9** मार्फत महासम्मेलनबारे विस्तृत जानकारी लिन सकिने व्यहोरा अनुरोध छ।

सदा झैं समन्वय र सहकार्यको अपेक्षा सहित सहकारी अभिवादन !

**रजिष्ट्रेशनका लागि**

**Link: http://kk5.io/KhaltiNCC**

(मिनराज कंडेल)
अध्यक्ष

Pulchok, Lalitpur, Nepal
G.P.O. Box: 11859, Kathmandu
+977-1-5010116, 5010033, 5010089
ncf@wlink.com.np, ncfcoop@gmail.com